
# लोकतान्त्रिक – वाम गठबन्धन
# भरतपुर महानगर समितिको

# प्रतिवद्धतापत्र - २०७९



**विगतको गठबन्धनको गौरवपूर्ण ५ वर्षको आधार !**

**वर्तमान गठबन्धन समृद्ध भरतपुरको परियोजनाकार !!**

**भरतपुरवासी आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू,**

२००७ साल देखि २०६२/६३ सालसम्म लोकतान्त्रिक नेपाल निर्माणकालागि बलिदान दिने वीर शहीद र बेपत्ता योद्धाप्रति कृतज्ञता एवम् श्रदाञ्जली प्रकट गर्दछौं। अहिले हामी स्थानीय निर्वाचनको पूर्वसन्ध्यामा छौं। लोकतन्त्रको संस्थागत विकास, संविधानको रक्षा र मुलुकको समृद्धिका लागि यो निर्वाचनको ठूलो महत्व छ। लोकतन्त्रको यो महोत्सवलाई शान्तिपूर्ण र विवेकपूर्ण रुपमा भव्यतापूर्वक सम्पन्न गर्न हामी सबै भरतपुर महानगरवासीसँग हार्दिक अनुरोध गर्दछौं।

गएको वर्ष हामीले लोकतन्त्र र संविधानविरुद्धका डरलाग्दा षड्यन्त्रहरू देख्यौं र सचेत जनताको प्रतिरोध पनि देख्यौं। स्थिरताको नारा दिएर जनमत हासिल गरेका प्रधानमन्त्री केपी ओलीले आफ्नो अक्षमताको भारी लोकतन्त्र र देशलाई बोकाउने अनुचित प्रयास गर्दै दुई-दुई पटक संसद विघटन गरे। त्यो केवल संसदको हत्या थिएन बरु जनादेश, संविधान र लोकतन्त्रकै हत्या-प्रयास थियो। त्यो षड्यन्त्रविरुद्ध सच्चा लोकतान्त्रिक र वामपन्थी शक्तिहरु एकै ठाउँमा उभिए र संगठित प्रतिरोध गरे। नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चासहित पाँचदलीय गठबन्धनको जन्म त्यही प्रतिरोधको जमिनमा भएको हो। लोकतन्त्रविरुद्धका सबैखाले षड्यन्त्रको प्रतिरोध गर्दै यो स्थानीय निर्वाचनमा पनि हामीले संयुक्त उम्मेदवारी दिएका छौं र निर्वाचनलाई लोकतन्त्र-रक्षाकै अर्को आन्दोलन मानेका छौं।

जनताको अजेय शक्तिले प्रतिगमनकारीहरुलाई पराजित गरेको छ तर तिनको अहंकार अझै पूरै समाप्त भइसकेको छैन। ती अझै पनि मोर्चाबन्दीमा छन्। वाम-लोकतान्त्रिक गठबन्धनको जवाफमा संविधानविरोधीहरुले प्रतिगामी मोर्चा बनाएका छन्। राजावादी शक्तिसँग तिनको खुला सहकार्य, समाजलाई विभाजन गर्ने तिनको षड्यन्त्र र संविधानलाई समाप्त पार्ने तिनको दुष्प्रयासलाई असफल पार्न पाँचदलीय गठबन्धनलाई अझ सुदृढ बनाउन जरुरी छ। यो गठबन्धन जनमतको सम्मान र लोकतन्त्रको रक्षाका लागि भएको वृहत् आन्दोलनको जगमा बनेको हो, केवल चुनावी लेनदेनको मोर्चा होइन। आज पनि यो गठबन्धन फासिष्ट नियतविरुद्ध लोकतान्त्रिक आन्दोलनकै एउटा मोर्चा हो। ३० वैशाखमा जनताले मतदानबाट आफ्नो शक्ति देखाउनु छ र जनादेश कुल्चन खोज्नेहरुलाई दण्डित गर्नु छ। व्यवस्था परिवर्तनसँगै नागरिकको जीवनमा पनि परिवर्तन यो गठबन्धनको संकल्प हो। जनमतको कदर र सुशासनको प्रत्याभूति यसको अठोट हो। सहमति र सहकार्यको संस्कृति विकास यसको लक्ष्य हो।

**आदरणीय जनसमुदाय,**

पाँच वर्षअघि नेपाली कांग्रेश र नेकपा (माओवादी केन्द्र) को गठबन्धन निर्वाचनमा विजयी भएको थियो । नगर प्रमुख र उप-प्रमुखको नेतृत्वमा पाँच वर्षपछि आज हामी भरतपुरवासीसँग आँखा झुकाउन नपर्ने गरी गौरवपूर्ण उपलब्धीसहित उपस्थित भएका छौं । हाम्रो नेतृत्व परीक्षण भइसकेको छ र यसका गौरवपूर्ण उपलब्धिहरूको लामो सूचि छ । अहिलेको विकासलाई निरन्तरता दिँदै भरतपुरलाई देशकै नमुना शहर बनाउने संकल्पका साथ हामी भरतपुरवासीसँग मत मागिरहेका छौं ।

पछिल्ला पाँच वर्षमा भरतपुर महानगरमा अर्बौंका राष्ट्रिय आयोजना परेका छन् । महानगरभित्रका राष्ट्रिय गौरवका आयोजनाहरूमा ठूलो प्रगति भएको छ । गोन्द्राङदेखि पुल्चोकसम्म ढलसहित ६ लेनको हाइवे बनिरहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको सिटी हल एक अर्ब ८५ करोड लगानीमा निर्माणाधीन छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला बन्दै छ । हजारौं महानगरवासी जनता प्रत्यक्ष लाभान्वित हुने नारायणी तटबन्धन योजना करिब पाँच अर्ब लगानीमा प्रारम्भ भएको छ । ९४ करोडको लागतमा भरतपुर महानगरपालिकाको अत्याधुनिक प्रशासकीय भवन बन्दै छ । करिब २२५ करोड लागतमा कोरियन सरकारको आर्थिक अनुदानमा वैज्ञानिक फोहोर व्यवस्थापन सम्झौता अन्तिम चरणमा पुगेको छ । २८७ करोड लागत भएको भूमिगत विद्युतीकरण कार्य अगाडि बढेको छ । निजी क्षेत्रसँगको साझेदारीमा करिब २ अर्ब लगानीमा नारायणगढमा मेट्रो प्लाजा निर्माणको काम भइरहेको छ ।

सडक पूर्वाधार र यातायातमा त क्रान्ति नै ल्याएका छौं । देशै छक्क पर्ने गरी पछिल्ला पाँच वर्षमा ६२२ किलोमिटर सडक कालोपत्रे भएको छ भने ४५० किलोमिटर सडक ग्राभेल गरिएको छ । ८८.४ किलोमिटर लामो महानगरीय चक्रपथ परियोजना प्रारम्भ भई ४०.५५ किलोमिटर चक्रपथ त बनिनै सकेको छ । वाइपास रोडको विस्तार र स्तरीकरण गरिएको छ भने ३० किलोमिटर लामो भरतपुर-मेघौली सडक जम्मा ३० मिनेटमै पुग्ने गरी पक्की सडक निर्माण भइसकेको छ ।

खानेपानीका क्षेत्रमा पनि उल्लेखनीय उपलब्धि हासिल गरेका छौं । अहिलेसम्म थप १ लाख १० हजार भरतपुरवासीसम्म शुद्ध पानीको पहुँच पुगिसकेको छ । चौकीडाँडा, शारदानगर, जखडीमाई, दिब्यनगर, पार्वतीपुर, मेघौली, देवनगर, मंगलपुर, फूलबारी, पटिहानी, कैलाशनगर, ढोडेनी, आनन्दपुर र धनगढा क्षेत्रका अधिकांश खानेपानी आयोजना सम्पन्न भइसकेका छन् भने केही अन्तिम चरणमा छन् ।

पर्यटन र उद्योगका क्षेत्रमा पनि हाम्रा उपलब्धिको सूचि लामो छ । नारायणगढस्थित भरतपुर-३ नारायणी नदी किनारको मझुवामा निजी क्षेत्रसँगको साझेदारीमा अटोल्याण्ड निर्माण परियोजना सञ्चालनमा आएको छ । नदी किनारालाई सामुद्रिक किनारको झल्को आउने गरी विकास गर्ने काम सुरु भएको छ । भरतपुर-२० र २१ मा लघु औद्योगिक ग्राम निर्माण परियोजना सञ्चालनमा आएको छ । अम्ब्रेला स्ट्रिट भ्यु प्वाइन्टले आन्तरिक र बाह्य पर्यटकलाई लोभ्याएको छ ।

स्वास्थ्य र वातावरणमा पनि थुप्रै काम भएका छन् । भरतपुर अस्पतालमा ५०० शैयाको विशिष्टिकृत सेवासहितको स्तरीकरण हुँदैछ । त्यहाँ ५ करोड ७५ लाख लगानीमा कुरुवा घरको निर्माण सुरु भएको छ । शिवनगर स्वास्थ्यकेन्द्र र शारदानगर स्वास्थ्य चौकीमा १५ शैयासहित सेवा विस्तार गरिएको छ । महानगरभरि ४० वटा स्वास्थ्य संस्था स्थापना गरी सेवा दिइएको छ । महिला, ज्येष्ठ नागरिक र शारीरिक रुपमा फरक क्षमता भएका नागरिकका लागि निःशुल्क ओपिडी सेवा सञ्चालन गरिएको छ । त्यसबाट करिब चार लाख भरतपुरवासी लाभान्वित भइसकेका छन् । देवघाटमा व्यवस्थित शवदाह स्थल बन्दै छ । उज्यालो भरतपुर अभियानअन्तर्गत १९०० स्मार्ट सडकबत्ती थपिँदै छन् ।

कृषि क्षेत्रमा पनि महानगरले गर्व गर्न लायक धेरै काम गरेको छ । कृषकहरूलाई दुधमा प्रतिलिटर रु. ३ अनुदानको ब्यवस्था गरिएको छ । भेटेरीनरी एम्बुलेन्स सेवा परियोजनाहरू सम्पन्न भएका छन् । नारायणी सिंचाई परियोजनाको संरक्षण र विस्तार गरिएको छ । ३५० वटा साना सिंचाई र २१ वटा मझौला सिंचाई आयोजना पूरा भएका छन् । कृषिको यान्त्रीकरण र आधुनिकीकरणका लागि अनुदान सहायतामा कृषि यन्त्रहरूको वितरण गरिएको छ भने भूमिगत सिंचाई परियोजना प्रारम्भ गरिएको छ ।

शिक्षा क्षेत्रमा पनि धेरै काम भएका छन् । सामुदायिक विद्यालयहरूको स्तरीकरण, थप भवन निर्माण, विद्यालय बस वितरणपछि सरकारी विद्यालयहरूमा करीव ६००० विद्यार्थी थपिएका छन् । इन्जिनियरिङ्ग शिक्षाका लागि रामपुरमा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस स्थापना भएको छ । यही महानगरमा केन्द्रीय शिक्षक अस्पताल बन्दै छ । विद्यार्थी संख्याको अनुपातमा शिक्षकको दरवन्दी मिलान र सबै विद्यालयमा प्रधानाध्यापकको व्यवस्थापन गरिएको छ । अपुग दरवन्दी सिर्जना गरी महानगरबाट वितरण गरिएको छ । सीमान्तकृत र पिछडिएका छात्राहरूका लागि साइकल वितरण गरिएको छ । इसिडी र विद्यालय कर्मचारी (लेखा) लाई क्रमशः १५ हजार र २० हजार ५ सय रकम प्रदान गरिएको छ । विद्यालयका प्रअहरूलाई संघीय सरकारले दिए बराबर भत्ता प्रदान गरिएको छ । विद्यालयमा हरियाली, सरसफाइ, खेलकुद, सेनिटरी प्याड, दिवा खाजाको रकम वितरण गरिएको छ । भरतपुरमा नेपालकै पहिलो अटिज्म विशेष विद्यालय

स्थापना गरिएको छ । बौद्धिक अपाङ्ग, दृष्टिविहीन, सुस्त श्रवण, बहिरा बालबालिकाहरूका लागि छात्रवृत्ति वितरण गरिएको छ भने सम्पूर्ण आधारभूत सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा जडान गरिएको छ । साहित्य, कला र सिर्जनाको जगेर्ना गर्न भरतपुर महानगरमा प्रज्ञा प्रतिष्ठान स्थापना भएको छ ।

भूमि व्यवस्थापन र सुकुम्बासी समस्याको समाधानमा पनि उल्लेखनीय काम भएका छन् । करिब ६६ विगाहा अतिक्रमित जमिन खोजी गरी संरक्षण गरिएको छ भने भूमिहीन सुकुम्वासीहरूलाई भूमिको निस्सा प्रदान गरी लालपूर्जा वितरण सुरु गरिएको छ । खरको छानामुक्त महानगर बनाउन छाना निर्माणमा अनुदान र जनता आवास कार्यक्रम अन्तर्गत घर हस्तान्तरण गरिएको छ । राष्ट्रिय भूमि आयोगबाट भूमिहीन सुकुम्वासीहरूलाई वडा नं. १४ बाट निस्सा बाँड्ने काम सुरु भएको छ भने वडा नं. २ का दलित भूमिहीनलाई लालपूर्जा बाँडिएको छ । द्वन्द्वपीडित, घाइते अपाङ्गहरूलाई मासिक निर्वाह भत्ताको व्यवस्था गरिएको भने सडक बालकमुक्त महानगरको अभियानमा पनि धेरै सफलता मिलेको छ ।

ज्येष्ठ पत्रकारहरूका लागि मासिक रु ४००० निवृत्तिभरण कोषवापत रु. २० लाख प्रदान गरिएको छ । पत्रकार महासंघको भौतिक पूर्वाधार विकासमा सहयोग गरिएको छ । लोक-कल्याणकारी विज्ञापन नीति अनुरुप कार्यक्रम अगाडि बढाइएको छ । यस्ता थुप्रै उपलब्धि छन् जसलाई यो सानो पुस्तिकामा समेट्न सम्भव छैन । यिनै उपलब्धिको जगमा उभिएर प्रदेश र केन्द्रसँग सार्थक समन्वय गर्दै हामी भरतपुरको कायाकल्प गर्न र यसलाई एसियाकै उत्कृष्ट शहर बनाउन चाहन्छौं ।

**आदरणीय समस्त महानगरवासी,**

निर्माणाधीन आयोजनाहरू सम्पन्न गर्न, भूमिहीनका समस्या समाधान गर्न, कक्षा १२ सम्म निःशुल्क शिक्षा प्रदान गर्न, छोरी शैक्षिक बिमा कार्यक्रम लागू गर्न हामीलाई महानगरवासीको साथ चाहिएको छ । स्थानीय सीप, श्रोत, पुँजी र पहिचानलाई परिचालन गर्दै औद्योगीकरणमार्फत रोजगारी सिर्जना हाम्रो लक्ष्य हो । दलित समुदायलाई उच्च शिक्षाको व्यवस्था अनि बोटे, माझी, कुमाल, चेपाङ, आदिवासीहरूको आर्थिक-सामाजिक रुपान्तरण र मौलिक संङ्ग्रहालय स्थापना, प्राकृतिक स्रोतमा तिनको अधिकारको सुनिश्चितता हाम्रा संकल्प हुन् । वडामा सुविधासम्पन्न अस्पताल, वृद्ध र अशक्तहरूलाई घरघरमा स्वास्थ्य सेवा हाम्रो प्रतिवद्धता हो । महिला नेतृत्वको विकास, महानगरका सार्वजनिक स्थानहरूमा फ्रि वाईफाई हाम्रो अठोट हो । हरेक वडामा शिशु स्याहार केन्द्र, ज्येष्ठ नागरिकलाई सम्मान र सुरक्षा हाम्रो वाचा हो ।

# हाम्रा नीतिगत प्रतिबद्धता

- हामी राजनीतिक सहमति, सहकार्य, समन्वय रसमझदारीमा अघि बढ्नेछौं । महानगरको विकासमा कोही पक्ष-प्रतिपक्ष हुने परिस्थितिको निर्माण गरिनेछैन ।
- महानगरको समृद्धिका आधारः दक्ष मानव संसाधन, पर्यटन, कृषि र औद्योगिकीकरण हुनेछन् ।
- सामाजिक न्यायका तीन आधारः गुणस्तरीय र निःशुल्क शिक्षा, सर्वसुलभ स्वास्थ्य र प्रत्येक नागरिकको संभावनाको सबलीकरण हुनेछ ।
- उपलब्ध साधन-स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा औद्योगिक विकास गर्नेछौं ।
- प्रदेशसँग नियमित सम्पर्क र समन्वयका लागि महानगर-जिल्लामा प्रदेशको एकीकृत कार्यालय स्थापना गर्न सहजीकरण गरिनेछ ।
- संविधान र संघीय शासन प्रणालीलाई सुदृढ बनाउने गरी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्नेछौं।
- महानगरीय योजना आयोगको गठन गरिनेछ ।
- शिक्षालाई सहज, गुणस्तरीय बनाई महिला, गरीब, अल्पसंख्यकहरूको पहुँचभित्र ल्याई क्रमशः निःशुल्क बनाउँदै लगिनेछ । शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी समृद्ध महानगरको परिकल्पना साकार पारिनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि विशेष व्यवस्था मिलाइनेछ ।
- महानगरलाई बेरोजगार मुक्त बनाइनेछ । प्रत्येक श्रमिकलाई दक्ष र व्यावसायिक बनाई नगरभित्रै रोजगारी सिर्जना गराइनेछ ।
- वेरोजगार सहायता केन्द्र स्थापना गरी रोजगारीका सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- महानगरभित्रका कुनै पनि नागरिक आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नहुने व्यवस्था गर्नेछौं ।
- नगरवासी कोही पनि खाद्यान्न अभावमा जीवन जोखिममा पर्ने परिस्थितिको अन्त्य गरिनेछ ।
- महानगरभित्र महिला नेतृत्व विकासका लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा देखिएका विभेद अन्त गर्न महिलालाई विशेष अवसर उपलब्ध गराइनेछ ।
- बालविवाह र मानव ओसारप्रसारमा निर्मूल गरिनेछ ।
- असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकाको विशेष संरक्षण गर्दै शिक्षा र स्वास्थ्यको अवसर दिलाइनेछ ।
- प्रौढहरूलाई घरमै स्वास्थ्यसेवा/विशेष भत्ता र विशेष संरक्षणको ग्यारेन्टी गरिनेछ ।
- आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षाका लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- विश्वभर छरिएका भरतपुरका गैरआवासीय नेपालीको ज्ञान, सीप, प्रविधि र पूँजीलाई नगरको विकासमा उपयोग गर्नेछौं ।
- महानगरभित्रका सबै टोल सुधार समितिहरूलाई टोलसुरक्षा, जनसंख्याको अभिलेख, सडक

हरियाली, सडक बत्ती, फोहोर संङ्कलन र रु १ लाख बराबरको टोल सुधार तथा विविध मर्मत कार्यक्रमहरूको कार्यविधि बनाई टोल सुधार समितिहरूलाई सशक्तिकरण गरिनेछ ।

- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्न प्रोत्साहित गर्नेछौं ।
- पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गरिनेछ ।
- कृषि उपजको उचित मूल्यको प्रत्याभूति गर्दै बजारमा पहुँचको व्यवस्था मिलाइनेछ ।
- कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्व बढाउन बाँझो जमिनलाई उपयोग गर्ने नीति अवलम्बन गर्नेछौं ।
- कृषिलाई व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्नेछौं ।
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षणलाई प्रोत्साहित गर्नेछौं ।
- राजनीतिक कार्यकर्ता, सामाजिक संघ संस्था र आम नागरिकलाई श्रम गर्न प्रोत्साहित गर्नेछौं ।
- विभिन्न क्षेत्रका विशेषज्ञहरूको सीप र ज्ञानलाई नगरको विकासमा उपयोग गर्नेछौं ।
- आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्नेछौं ।
- कला, साहित्य र संगीतको विकासका लागि यस क्षेत्रमा लाग्न चाहनेलाई प्रोत्साहित गर्नेछौं ।
- समानता र सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, कला र सम्पदाको संरक्षण तथा विकास गर्नेछौं ।
- सेवाक्षेत्रको बजारलाई विविधिकरण र विस्तार गर्नेछौं ।
- महानगरपालिकामा सन्चालित श्रम र कच्चा पदार्थमा आधारित उद्योगलाई प्राथमिकतामा राखेर अनुदान र सहुलियतपूर्ण ऋणको व्यवस्था मिलाइनेछ ।
- प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभा प्रवर्धनमा लगानी गरी विज्ञान तथा प्रविधिको विकासमा अभिवृद्धि जोड दिइनेछ ।
- विपन्न नागरिकलाई प्राथमिकतामा राखेर विकासको प्रतिफल न्यायोचित रुपमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- वातावरणअनुकूल दिगो विकास र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिई प्रतिफल वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत र पुनर्स्थापनाका कार्यक्रम बनाई लागू गर्नेछौं ।
- सहकारीलाई उत्पादन र बजारसँग जोड्नेछौं । सहकारीका उत्पादनलाई ब्राण्डिङ गरी 'मेड इन भरतपुर' को अभियान चलाइनेछ ।
- बखान सहकारीलाई सहकारी पर्यटनस्थलको रुपमा विकसित गर्नेछौं ।
- महानगरभित्र श्रम सहकारीको व्यवस्था गरी रोजगारीको सिर्जना गर्नेछौं । पाँच करोडसम्मका निर्माण कार्यहरू श्रम सहकारीमार्फत सम्पन्न गराइनेछ ।
- महानगरभित्र विपन्न पहिचान सर्भे गरी छानिएका विपन्नलाई एक वर्षभित्र परिचयपत्र प्रदान गरिनेछ । सोही परिचयपत्रलाई आधारमानि स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षाका कार्यक्रमहरुमा निःशुल्क सेवा प्रवाह गरिनेछ ।
- बन्यजन्तुबाट मानव बस्तीमा हुने जनधनको क्षती हुन नदिन बस्तीको संरक्षण गर्न विशेष संरक्षण योजना बनाई संचालन गर्नेछौं ।

# आगामी कार्यकालका लागि हाम्रा प्रतिवद्धता

## १. सुशासन र सेवा प्रवाह – डिजिटल महानगर

- प्रविधिको प्रयोग र पारदर्शिताले सुशासन बढाउँछ भन्ने मान्यतामा दृढ रहँदै भरतपुर महानगरलाई डिजिटल प्रविधिमैत्री, नागरिकमैत्री, लैङ्गिकमैत्री अपाङ्गमैत्री बालबालिकामैत्री स्मार्ट सिटी बनाउनेछौं ।
- सेवाग्राहीलाई महानगर आउनै पर्ने झन्झट कम गराउँदै घरबाटै सेवा लिन सक्ने प्रविधिमैत्री प्रणालीको विकास लग्नेछौं ।
- नगरपालिकाको आफ्नै ISP (Internet Service Provider) स्थापना गरी Free WiFi विद्यार्थीहरुमा Free Internet को सुविधा प्रदान गरी नेपालकै पहिलो Digital Smart City बनाउँछौं ।
- एक वर्षभित्र महानगरका हरेक योजना अपडेटेड तथ्याङ्क तथा दैनिक निर्णय डिजिटलाइज्ड गरी ओपन गभर्नेन्स डाटाको शुभारम्भ गर्नेछौं ।
- संघ तथा प्रदेशको समन्वयमा कर्मचारी तथा जनप्रतिनिधिको नेतृत्व क्षमता र कार्यकुशलता विकास गर्न कार्यक्रम सञ्चालन गर्नेछौं ।
- महानगरभित्र एक सुविधासम्पन्न आई.टि. (IT) पार्क स्थापना गर्नेछौं ।
- २१ औं शताब्दीको प्रयोगमार्फत प्रविधिको उच्चतम प्रयोग गरी देशविदेशमा आवश्यक पर्ने सफ्टवेयर निर्माणका साथै आर्थिक आयआर्जन गर्न सक्ने जनशक्ति तयार गर्न निजीक्षेत्र र उच्च शिक्षा दिने संस्थासँग सहकार्य गरिनेछ ।
- हरेक नीति निर्माण र कार्यान्वयन जनताको राय सुझाव लिएरमात्र गर्नेछौं ।
- महानगरमा भएको गुनासो सुनुवाइ शाखा र सुशासन प्रवर्धन एकाई प्रत्येक वडा कार्यपालिकाका महिला सदस्यमार्फत गुनासो संकलन गरी तत्काल समस्याको समाधान गर्नेछौं । यसको लागि Rapid Response Team गठन गर्नेछौं ।
- महानगरको विस्तृत संगठन व्यवस्थापन (Organization & Management) सर्भे गरी वैज्ञानिक र काममुखी प्रशासनिक संरचना निर्माण गरिनेछ ।

## २. एशियाली मापदण्डको भौतिक पूर्वाधारः

- निर्माणाधीन रिङरोडलाई पूर्णता दिइनेछ ।

- महानगरभित्रका बाँकी सडक कालोपत्रे गर्नेछौँ ।
- एअरपोर्ट विस्तार गरी सुविधा सम्पन्न बनाइनेछ ।
- अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको बाँकी कामलाई पूर्णता दिइनेछ ।
- तीव्र गतिमा निर्माण भइरहेको सिटी हललाई छिटै सम्पन्न गर्नेछौँ ।
- नारायणगढ र भरतपुरका चोकहरूमा ट्राफिक लाइट Artificial Intelligence Traffic Light को व्यवस्था गर्नेछौँ ।
- क्याम्पाचौरलाई मिनी रंगशालाको रुपमा विकास गर्नेछौँ ।
- पूर्वाधार विकासको गुरुयोजना स्वीकृत गरी सोहीअनुरूप योजना छनौट, प्राथमिकता र लगानी गरिने पद्धति निर्माण गर्नेछौँ ।
- सहिद चोक, हाकिम चोक र मालपोत चोकमा आकाशे पुल निर्माण गर्नेछौँ ।
- अब बन्ने सबै सडकमा ढल, फुटपाथ र हरियालीलाई प्राथमिकता दिइनेछ ।
- शहरी शौचालय कार्यक्रम बनाई लागू गरिनेछ ।
- महानगरभित्र आवश्यक स्थानहरूमा फ्लाईओभर र अन्डरपास संभाव्यता अध्ययन गरिनेछ ।
- ''एक टोल एक रंग र एक डिजाइन'' कार्यक्रम टोल विकास समितिमार्फत कार्यन्वयनमा ल्याइनेछ ।

## ३. सबैका लागि गुणस्तरीय शिक्षा

- 'सबैका लागि गुणस्तरीय शिक्षा' कार्यक्रम  सञ्चालन गर्नेछौँ ।
- विद्यालय छोडेका बालबालिकालाई विद्यालय फर्काई विद्यालयमा टिकाई रहन विशेष कार्यक्रम सञ्चालन गर्नेछौँ ।
- चितवनमा रहेका विश्वविद्यालय र क्याम्पसहरूसँग अनुसन्धान साझेदारी तथा विद्यार्थी इन्टर्नसीप कार्यक्रम सञ्चालन गर्नेछौँ ।
- राष्ट्रप्रेमी, राष्ट्रभक्ति, राष्ट्रसेवक शिक्षा, योगा, ध्यान, प्राणायम नैतिक शिक्षा र शारीरिक शिक्षालाई प्रवर्धन गरी व्यवहारिक शिक्षासँग जोड्नेछौँ ।
- कक्षा १ मा भर्ना गर्दा हरेक छोरीलाई महानगरको लगानीमा 'छोरी शैक्षिक बिमा' कार्यक्रम सञ्चालन गर्नेछौँ । यसले हरेक छोरीहरूको शिक्षा र स्वस्थ्य बिमा २० वर्षसम्म गर्नेछौँ ।
- रोजगारीमा संलग्न युवा शक्तिलाई उच्च शिक्षामा सहभागी गराउन प्राविधिक तथा खुला विश्वविद्यालयसँग समन्वय गर्नेछौँ ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) का आंगिक र सम्बन्धन प्राप्त गरेका बहुप्राविधिक शिक्षालयसँग साझेदारी गरी सघनरूपमा प्राविधिक तालीमहरू निःशुल्क सञ्चालन गर्नेछौँ ।
- उद्यमशीलता वृद्धिका लागि युवाहरूलाई व्यावसायिक तालिम र सीप प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्नेछौँ ।
- स्वयंसेवक शिक्षक, विद्यालय बस, 'मेयरसँग छात्रा कार्यक्रम', फल्स सिलिङ, विद्यालय रङ्गरोगनलाई निरन्तरता प्रदान गरिनेछ ।
- अध्ययन र अनुसन्धानको प्रबर्धन लागि अनुसन्धान कोषको व्यवस्था गर्नेछौँ ।
- उच्च शिक्षा अध्ययन गर्न चाहने गरीब तथा जेहेन्दार विद्यार्थीका लागि महानगरबाट रोजगारपछि किस्तावन्दी रुपमा असुल गर्ने गरी सहुलियतपूर्ण ऋण तथा अनुदानको व्यवस्था गर्नेछौँ ।
- कमजोर आर्थिक अवस्था भएका अभिभावकको लागि आयमूलक सीप प्रदान गरी आर्थिक सक्षमता वृद्धि गरिने तथा सहिद, घाइते, बेपत्ता, परिवारका बालबालिकाहरूलाई शैक्षिक सामग्री लगायत पोशाकसहित उच्च शिक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गर्नेछौँ ।
- ५५ वर्ष उमेर पुगेका शिक्षकले स्वेच्छिक अवकाश लिएमा आकर्षक प्रोत्साहन सुविधाको व्यवस्था गर्नेछौँ ।
- महानगरले नेपालमै पहिलोपटक सरकारी तहबाट स्थापना गरिएको अटिज्म, बौद्धिक अपाङ्ग बालबालिका अध्ययन गराउने विद्यालयलाई सुविधा सम्पन्न बनाइनेछ ।
- 'एक शिक्षक एक ल्यापटप' कार्यक्रम अघि बढाइनेछ ।
- पढ्दै कमाउँदै कार्यक्रमलाई हरेक विद्यालयमा लागू गरिनेछ ।
- शैक्षिक सुशासनसहित उत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयका प्रधानाध्यापकलाई प्रोत्साहन र सम्मान प्रदान गर्नेछौँ ।
- विद्यालय व्यवस्थापन समितिलाई बलियो बनाउन तालिम, भ्रमण आदिको व्यवस्था गर्नेछौँ ।
- वैज्ञानिक, व्यवहारिक र स्थानीय विशेषतामा आधारित पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- प्रत्येक विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप (Extra Curricular Activities) कक्षा सञ्चालन गर्नेछौँ । यसका लागि संगीत र खेल शिक्षकको ब्यवस्था गरिनेछ ।
- कक्षा १२ सम्म क्रमश गुणस्तरीय निःशुल्क शिक्षा प्रदान गर्दै लगिनेछ ।
- Smart Classes, Modern Latrines, 3 Tier Digital Resources, Library, Vocational

Laboratories, गणित, विज्ञान र सूचना प्रविधि ल्याब जस्ता पूर्वाधारहरु हरेक विद्यालयहरूमा स्थापना गरी विद्यालयका कक्षा कोठाहरूलाई प्रविधिमैत्री बनाउने छौं ।

- सबै विद्यालयहरूमा STEM (Science, Technology, Engineering and Mathematics) शिक्षा लागू गर्नेछौं ।
- महानगरमा एक सुविधासम्पन्न पुस्तकालय (Library) र ई-पुस्तकालय (E–Library) स्थापना गर्नेछौं ।
- संस्थागत विद्यालयका शिक्षकहरूलाई तालिम र क्षमता विकासका अवसरहरू उपलब्ध गराइनेछ ।
- विद्यार्थी अनुपातमा स्वयंसेवक शिक्षक व्यवस्थापन गर्नेछौं ।
- महानगरभित्रका आधारभूत विद्यालयमा लेखापालको काम गर्नका लागि अतिरिक्त रकम उपलब्ध गराइनेछ ।
- मेडिकल साइन्स, इन्जिनियरिङ, कृषि र भेटेरिनरी अध्ययन गर्न चाहने विद्यार्थीलाई निःशुल्क तयारी कक्षा सञ्चालन गरिनेछ ।
- हरेक वर्ष १२ कक्षा पछाडि अध्ययन गर्ने बहानामा देशको करीव ३ खर्ब नेपाली रुपैंयाँ विदेसिने र उच्च शिक्षा हासिल गर्न पनि नसकी 'ब्रेन ड्रेन'समेत भइरहेको यस परिस्थितिमा करिब १ लाख मानिस बाहिरिँदा देशको विदेशी मुद्रा सञ्चितिमा ठूलो प्रभावपरी देशको विग्रिँदो अर्थतन्त्रलाई सुधार्न संघीय सरकारसँग समन्वय गरी बिशेष कार्यक्रम तर्जुमा गर्नेछौं । यसका लागि उत्कृष्ट उच्च शिक्षा दिने संस्था स्थापना गर्ने उपयुक्त वातावरण निर्माण गर्नेछौं ।
- TEACH (teachers Training, e–Learning, Adult Literacy, Child Development, Happy School) मोडलमा जोड दिइनेछ ।

## ४. हरेक वडामा अस्पताल, स्वास्थ्यक्षेत्रमा समाजवाद

- 'हाम्रो पालिका-स्वस्थ बालबालिका' कार्यक्रम कार्यान्वयन गर्नेछौं ।
- वडामा अस्पताल, स्वास्थ्य क्षेत्रमा समाजवाद नाराका साथ घरदैलोमा महानगर मोबाइल हेल्थ क्लिनिक सञ्चालन गर्नेछौं ।
- सम्पूर्ण किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर रोग रोकथामका लागि HPV (Human papilloma vaccine) निःशुल्क, पूर्ण निदान र उपचार गर्नेछौं ।

- ज्येष्ठ नागरिक र अशक्तहरूलाई घरदैलो हेल्थ क्लिनिक सञ्चालन गर्नेछौँ ।
- भरतपुरलाई मेडिकल सिटीको औपचारिक घोषणा गरी प्रभावकारी मेडिकल बोर्ड गठन गर्नेका आवश्यक नीतिगत र व्यवहारिक सहजीकरण गर्नेछौँ ।
- गरीब, विपन्न, अपाङ्ग, सहिद परिवारको स्वास्थ्य बिमा महानगरले गर्नेछ ।
- अति विपन्नकोष खडा गरी विपन्नहरूलाई असाध्य र संक्रामक रोगको उपचार गर्नेछौँ ।
- गरीब र विपन्नलाई परिचयपत्र दिएर स्वास्थ्य बिमाको रकम महानगरले तिर्ने गरी स्वास्थ्य उपचारको ग्यारेन्टी गर्नेछौँ ।
- गर्भाधानदेखि बच्चा १ वर्ष हुने बेलासम्म विपन्न परिचयपत्रको आधारमा मासिक १००० भत्ता दिइनेछ ।
- मातृशिशु सम्बन्धि विशेष कार्यक्रमहरू लागू गर्नेछौँ ।
- स्वास्थ्य अनुसन्धानलाई प्रोत्साहन रकम छुट्याइनेछ ।
- प्रसुति सेवाको लागि एम्बुलेन्स सेवा निःशुल्क गर्नेछौँ ।
- मानसिक रोगी र लागू औषधिको कुलतमा लागेकालाई ‘पुनर्स्थापना केन्द्र’ सञ्चालन गरी समाजमा पुनर्स्थापना गर्नेछौँ ।
- निःशुल्क पाइने दीर्घरोगको औषधि स्वास्थ्यका इकाइसम्म लगिनेछ ।
- भरतपुर अस्पतालमा विशिष्टीकृत सेवा अभिवृद्धि गर्दै शिक्षण अस्पतालको रूपमा विकास गर्न पहल गर्नेछौँ ।
- महिला स्वयमसेविकाका लागि उचित पारिश्रमिकको व्यवस्था गर्नेछौँ ।
- सबै आधारभूत अस्पताल र हेल्थ सेन्टरमा डाक्टरसहितको २४ घण्टे सेवा र बर्थिङ्ग सेन्टर सञ्चालन गर्नेछौँ ।
- जङ्गली जनावरहरूको आक्रमणमा परी घाइतेहरूको लागि वडा नं. २४ मा ट्रमा (Trauma) सेन्टर स्थापना गरिनेछ ।
- आयुर्वेदिक, होमियोपेथिक, नेचुरोपेथिक लगायतका वैकल्पिक चिकित्सा क्षेत्रको विकासको लागि ठोस कार्यक्रम लागू गरिनेछ ।

## ५. पर्यटन : स्वरोजगारको आधार

- नारायणी नदी किनारमा तटबन्ध निर्माण गरी उकास हुने न्यूनतम २०० विघा जग्गा सम्वन्धित स्थानीयवासीलाई उपलब्ध गराइ पर्यटन पूर्वाधार प्रवर्धनमा सहयोग गर्दै सामुद्रिक तटको भान हुने गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नेछौँ ।

- देवघाटलाई त्रिवेणीधाम पशुपतिनाथ, जनकपुरधाम र मुक्तिनाथसँग जोडेर धार्मिक पर्यटन प्रवर्धन गर्ने विशेष योजना कार्यान्वयनमा ल्याइनेछ । महानगरभित्रका ७० वर्षमाथिका ज्येष्ठ नागरिकहरूलाई देशभित्रका प्रमुख धार्मिक तीर्थस्थलहरूमा पालैपालो निःशुल्क तिर्थाटन गर्ने व्यवस्था मिलाइनेछ ।
- "एक सामुदायिक वन एक पर्यटकीय उद्योग" अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।
- वार्षिक पर्यटक संख्या दोब्बर बनाउन विभिन्न भाषा जानेका दुईहजार नयाँ पर्यटक पथप्रदर्शक, धार्मिक गाइड तयार गर्नेछौँ ।
- गोलाघाटदेखि नारायणगढसम्म मोटरवोट संचालनका लागि संघ सरकारसँग आवश्यक सहजीकरण गरी पूर्वाधार तयार गरिनेछ ।
- Culture Guide एवम् पर्यटन गाइडलाई तालिम र बिमाको व्यवस्था गरी संख्या वृद्धि गर्नेछौँ ।
- दीगो पर्यटन विकासका लागि वातावरण संरक्षण र प्रवर्धनका लागि नीतिहरू तर्जुमा गर्नेछौँ ।
- पर्यटन विकासका लागि सम्भावित क्षेत्रको खोजी गरी पर्यटन विकासमा प्रोत्साहन गर्नेछौँ ।
- पर्यटन क्षेत्रका निर्माणाधीन पार्क, संग्रहालय पर्यटन सुधार केन्द्र निर्माणमा निरन्तरता दिइनेछ ।
- महानगरमा पहिचान गरिएका ३० वटा पर्यटकीय गन्तव्यहरूको पूर्वाधार विकास एवम् प्रवर्धन गर्नेछौँ ।
- 'भरतपुर भ्रमण वर्ष' घोषणा गरी नीजिक्षेत्रसँग सहकार्य गरी पर्यटन प्रवर्धन गर्नेछौँ ।
- नारायणी रिभरविच, रापती रिभरविच, विसहजारी ताल, राइनो ताल, मेघौली राइनो पार्क, अम्ब्रेला स्ट्रीट, लेक साइड सर्किट निर्माणलाई निरन्तरता दिई सौन्दर्यकरण गरी पर्यटकीय स्थललाई आकर्षक बनाउनेछौँ ।
- सिटीहल, प्रदर्शनी केन्द्र, गौतमबुद्ध क्रिकेट रंगशालाको अधिकतम उपयोग गरी सभा-सम्मेलन पर्यटन MICE (Meetings, Incentives, Conventions and Exhibitions) Tourism तथा खेल पर्यटनको विकास गर्नेछौँ ।
- शैक्षिक पर्यटन, कृषि पर्यटन आदिको विकास गर्नेछौँ ।
- देवघाटधाम, गणेशधाम, शिवालय, ब्रह्मकुमारी केन्द्र, गुम्बा, भोजबाबा, विक्रम बाबा सीतामाईजस्ता धार्मिक स्थलहरूको धार्मिक परिपथ निर्माण गरी धार्मिक पर्यटनको प्रवर्धन गर्नेछौँ ।
- नारायणी र रापती नदी किनारको तटबन्धनसँगै वृक्षरोपण र जलपर्यटन विकासका योजनाहरू कार्यान्वयन गर्नेछौँ ।

- चितवन राष्ट्रिय निकुञ्ज तथा सामुदायिक वनहरूको संरक्षण एवम् सम्वर्धन गरी पर्यटन र वातावरणको विकास गर्नेछौँ ।
- पर्यटन विकासका लागि बोटे, माझी, कुमाल, चेपाङ र आदिवासीहरूको होमस्टे, नयाँ पदयात्रा गन्तव्य, सांस्कृतिक सम्पदा संरक्षण, नयाँ पर्यटकीय स्थलको प्रवर्धन गर्न युवाको नेतृत्व र सहभागितामा विभिन्न महोत्सव र कार्यक्रमहरू आयोजना गर्नेछौँ ।
- चौकीडाँडामा आधुनिक मोडलबाट भौगोलिक, सांस्कृतिक पहिचानयुक्त ग्रामीण शहरको विकास गर्नेछौँ ।
- मेघौली, जगतपुर, पटिहानीमा मौलिक प्रकारको थारु वस्ती, कुमाल वस्ती, बोटे, माझी वस्ती, दराई वस्ती महानगरको अनुदानमा निर्माण गर्नेछौँ ।
- जल, जङ्गल, जमिन, सांस्कृतिक विविधता (बोटे, माझी, कुमाल र आदिवासीहरू) सबैलाई समेटिने गरी स्थानीय अर्थ र स्थानीय रोजगारी वृद्धि गर्ने दृष्टिकोणबाट आवश्यक पूर्वाधारलाई समेटी एकीकृत पर्यटन विकास गुरुयोजना तयार पारिनेछ ।
- पुङ्गिखोलाको किनारमा हरियालीसहितको फुटपाथ निर्माण गरिनेछ ।
- नगरबनलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ ।

## ६. कृषि र किसान पेन्सन कार्यक्रम

- भू-वनोट र स्थानीय विशेषताका आधारमा 'एक वडा एक कृषि पकेट क्षेत्र' अवधारणा लागू गर्नेछौँ । पकेट क्षेत्रलाई अनुदान र प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- महानगरभित्र उत्पादन भएको कृषि उपजको न्युनतम मुल्य तोकिनेछ । सो कृषिउपजको भण्डारण गर्न ''ठूलो कोल्ड स्टोर'' र ''साइलो'' बनाइनेछ ।
- दुध उत्पादनको हकमा कृषकलाई प्रति १ लि. को रु ३ अनुदान दिइएकोमा समयानुकूल वृद्धि गर्नेछौं । बीऊ उत्पादनमा प्रति के.जी. रु ३ दिनेछौँ । कृषि उपज र दुग्धजन्य वस्तु जिल्लाभित्र ढुवानी गर्दा २०% र जिल्लाबाहिर ढुवानी गर्दा ३०% अनुदान सहकारीमार्फत दिइनेछ ।
- महानगरभित्र निजी क्षेत्रलाई "UHT (Ultra High Temperature) Milk Plant" स्थापना गर्न सहजीकरण गरी दुधको निर्यात गरिनेछ ।
- कृषिआधारित विद्युत खर्चमा ५०% अनुदान दिइनेछ ।
- आवश्यकताको आधारमा कृषि उपज संकलन, शीत भण्डार तथा प्रशोधन केन्द्र र कृषि बजारको व्यवस्था गर्नेछौँ ।

- कृषि पेसामा संलग्न प्रत्येक किसानहरूको पहिचान, वर्गीकरण गर्दै एकीकृत डाटावेस तयार गरी किसान पेन्सनको व्यवस्था गर्नेछौँ ।
- आवश्यकताका आधारमा कृषिमा आमूल रुपान्तरणको लागि सहुलियत ऋण र महानगरबाट अनुदान प्रदान गर्नेछौं ।
- कृषि र पशुपालनका लागि व्यावसायिक तालिम, प्रविधि, प्राविधिक जनशक्ति उत्पादनमा सहुलियतको व्यवस्था गर्नेछौँ ।
- उत्पादित दुध र दुग्धजन्य पदार्थ सहकारीमार्फत बजारीकरण गर्नेछौं ।
- कृषिलाई आधुनिकीकरण र यान्त्रिकीकरण गर्नेछौँ ।
- कृषि औजार कारखाना स्थापना गर्नका लागि निजी क्षेत्रलाई सक्दो सहजीकरण गरिनेछ ।
- 'सरकार किसानको घर आँगनमा' कार्यक्रम सञ्चालन गर्नेछौं ।
- कृषि र अगार्निक उत्पादनमा मूल्यसहित 'मेड इन भरतपुर' को ब्रान्डिङ गर्नेछौँ ।
- स्थानीय विशेषता, भू-वनोट, सम्भाव्यतालाई विश्लेषण गरी दीर्घकालीन कृषि एकीकृत विकास गुरुयोजना निर्माण गर्नेछौँ ।
- वडा नं. २९ को पहाडी क्षेत्रमा स्थानको विशेषता अनुसार कृषि, पशुपालन, फलफूल, जडिबुटी उत्पादनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- कृषिजन्य उत्पादनबाट कृषकलाई आत्मनिर्भर बनाउन खाद्य बैंकको स्थापना गर्न सहजीकरण गरिनेछ ।
- महानगरभित्र खाली जग्गा नराख्ने गरी कार्यविधि बनाई अघि बढाइनेछ ।
- दुध, बीऊ, जडिबुटी गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन, प्याकेजिंग र बजारीकरणमा जाने सहकारीहरुलाई आधारभूत संरचना निर्माणमा लागतको आधारमा पुँजीगत अनुदानको व्यवस्था गरिनेछ ।

## ७. बेरोजगारीमुक्त भरतपुर

- रोजगारी, उद्यमशीलता र सीप विकास - मेयरसँग रोजगार कार्यक्रम लागू गर्नेछौं ।
- मेयरसँग रोजगार कार्यक्रम सञ्चालनका लागि महानगरमा स्थापित रोजगार शाखालाई सवलीकरण गरिनेछ ।
- निजी क्षेत्रसँगको साझेदारीमा बेरोजगार युवाहरुलाई औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) कार्यक्रम सञ्चालन गरिनेछ ।

- वजारको माग वमोजिम इच्छुक सवैलाई निःशुल्क सीपमूलक तालिम सञ्चालन गरी व्यावसायिक योजना सफ्टवेयरमार्फत जोडी सञ्चालनका लागि आवश्यक पर्ने रकम विभिन्न बैंकमार्फत प्रदान गर्नेछौँ ।
- 'श्रम सूचना बैंक'को स्थापना गरी विभिन्न पेशा, व्यवसाय र सीप भएका नागरिकहरूको सूचना सङ्कलन गरी रोजगारीमा लगाइनेछ ।
- कृषि, पर्यटन, ग्रामीण औद्योगिकीकरणका माध्यमबाट रोजगारी सिर्जना गर्नेछौँ ।
- पहिलो वर्ष न्यूनतम १४५० (प्रत्येक वडा - ५० जना) युवालाई कृषि, पर्यटन, वन तथा उद्योग क्षेत्रमा रोजगारी सिर्जना गर्नेछौँ । दोस्रो वर्षदेखि न्यूनतम २९०० (प्रत्येक वडा - १००) युवालाई स्वरोजगार बनाइनेछ ।
- बहुप्राविधिक शिक्षालयसँगको समन्वयमा सीप र उद्यम विकासका योजना लागू गर्नेछौँ ।
- स्वरोजगार कोषबाट प्रदान गरिने बिनाधितो ऋणमा वेरोजगार, विपन्न, दलित, जनजाति, मधेशी, महिला, मुस्लिम तथा अपाङ्गता भएका व्यक्तिको पहुँचको सुनिश्चितता गर्नेछौँ ।
- युवाको शैक्षिक प्रमाणपत्र तथा तालिम प्रमाणपत्र धितो राखी उद्यमशीलताका लागि ऋण प्रदान गर्नेछौँ ।
- 'एक टोल एक उद्यम - एक टोल एक उत्पादन' कार्यक्रममार्फत वेरोजगारीको अन्त्यका साथै गरिबी निवारण कार्यक्रम लागू गर्नेछौँ ।
- सीमान्तकृत समुदायका युवाहरूलाई स्वरोजगारका लागि निःशुल्क सीपसहित अनुदानको व्यवस्था गर्नेछौँ ।
- स्थानीय प्राकृतिक स्रोत, पुँजी, जनशक्ति, उत्पादन, औद्योगिकीकरण, स्थानीय रोजगारीको कार्यक्रमभित्र युवाहरूलाई प्राथमिकतामा राखिनेछ ।
- प्राविधिक विषयमा वेरोजगारी हुन नदिन 'रोजगार बैंक' स्थापना गरी उचित पेसाअनुसार न्यूनतम पारिश्रमिकसहित रोजगारीको अवसर दिइनेछ ।
- वैदेशिक रोजगारबाट फर्किएका वा फर्किन चाहने युवाहरूका लागि स्वदेशमै बसी सीप अनुसारको उद्यम गर्ने कानुनी प्रक्रिया तथा पुँजीको सहज उपलब्धता गराइनेछ ।
- निजी क्षेत्रले ५ उद्योग वा १० विगाहाभन्दा बढी जग्गा लिई उद्योग सञ्चालन गरेमा बाटो, बिजुली, पानी एवम् ढलको व्यवस्था महानगरले गर्नेछ ।
- ५० जनाभन्दा बढीलाई रोजगारी दिने उद्योगलाई व्यवसाय करमा ५० प्रतिशत छुट दिइनेछ ।

## ८. यातायातः केही महिनाभित्रै इलेक्ट्रिक बस संचालन

- २ वर्षभित्र मापदण्ड पुगेका कालोपत्रे हुन बाँकी मुख्य सडकहरू कालोपत्रे गरिनेछ ।
- भरतपुर महानगरपालिका भित्र सार्बजनिक इलेक्ट्रिक बस सञ्चालनको प्रक्रिया सुरु गरिनेछ ।
- गोन्द्राङ, पोखरा बसपार्क, ध्रुव, गोलाघाट, रातापुर, शुक्रनगर, गंगानगरमा विद्युतीय चार्जिङ स्टेशन निर्माण गर्नेछौं ।
- सुविधासम्पन्न सार्वजनिक शौचालयसहितको यात्रु प्रतिक्षालय निर्माण गर्नेछौं ।
- स्मार्ट यात्राका लागि यात्रु प्रतिक्षालयमा वाईफाईको व्यवस्था, इलेक्टिक बसभित्र वाईफाई, स्मार्ट टिभीमा सन्देशमूलक सामग्री प्रसारण गर्नेछौं, बसभित्र स्मार्ट डस्टविन राखिनेछ ।
- अपाङ्ग तथा ७० वर्षभन्दा उमेर नाघेका नागरिक तथा महिलालाई निःशुल्क बससेवा र विद्यार्थीका लागि यातायातमा ५०% छुट दिइनेछ ।
- महानगरको सम्पूर्ण Treatment Plant सहितको ढल निकास प्रणालीको डिपिआर तयार भई रू. २ अर्बको लागतमा खानेपानी तथा ढल ब्यवस्थापन बिभागबाट टेण्डर प्रक्रिया सुरु गरिसकेको र आ.व. २०७९/२०८० भित्र निर्माण कार्य सुरू हुने गरी प्रक्रिया अगाडि बढिसकेको छ । यस योजना बाट भरतपुर महानगरपालिकामा ढल निकास तथा मुख्य गरी महानगरपालिकाका ७, ९, १०, ११, १२ लगायतका वडाहरूमा हुने डुबानको दीर्घकालीन समाधान हुनेछ ।
- स्मार्ट सडक तथा एकीकृत ढल निर्माण गरी फोहोर पानीलाई प्रशोधन गर्दै नदीमा मिसाउने मोडल सञ्चालन गर्नेछौं ।

## ९. वन, वातावरण र जैविक विविधता – "समृद्धिका लागि वन कार्यक्रम"

- सामुदायिक वन समूहहरूलाई अधिकार सम्पन्न र स्वायत्त संस्थाको रुपमा विकास गर्ने सहजीकरण गरिनेछ ।
- उद्यमशीलताको विकासका लागि समृद्धिको लागि वन कार्यक्रम सञ्चालन गर्नेछौं ।
- महानगरमा न्यूनतम एक वटा काष्ठ, गैरकाष्ठ वा जडीबुटी प्रशोधन उद्योग स्थापना गर्नेछौं ।
- एक सामुदायिक वन एक उद्यम, एक समुदाय एक पर्यटन गन्तव्य कार्यक्रम सञ्चालन गर्नेछौं ।

- महानगरमा जलवायु अनुकूलित नमुना गाउँ निर्माण गर्नेछौं ।
- उपयुक्त खाली जमिन (खोल्सा, सार्वजनिक जमिन, सडक) छनोट गरी वृक्षरोपणको विशेष कार्यक्रम सञ्चालन गर्नेछौं ।
- वन सम्पदा लगायत प्राकृतिक श्रोत साधनमाथि समुदायको अग्राधिकारलाई सुनिश्चित गर्नेछौं ।
- प्रत्येक नवनिर्मित सडकको दायाँ-बायाँ सौन्दर्यीकरण गर्दै आम्दानी हुने फलफूलका बिरुवा रोपिनेछ । सो कार्यक्रमको प्रथम चरणमा ५०० कि.मि. सडक किनारमा २ लाख बेर्ना लगाइनेछ ।
- नगरलाई सुरक्षित दिगो विकासयुक्त र वातावरणमैत्री बनाउनका लागि विशेष पहल गर्नेछौं ।
- जलवायु वित्तकोषबाट भरतपुर र चितवनले प्राप्त गर्ने रकमका लागि संघीय सरकारसँग पहल गरिनेछ ।

## १०. सक्षम, स्वस्थ र सुरक्षित महिला एवं बालबालिका

- महिला उद्यमी अभियान कार्यक्रम सञ्चालन गरी महिलालाई उद्यमशीलताको तालिम दिई उद्योग सञ्चालनका लागि बैंकबाट ऋणको व्यवस्था तथा महानगरबाट अनुदान उपलब्ध गराइनेछ ।
- सिलाई, बुनाई, गारमेन्ट तथा थाङ्कालगायत स्थानीयतामा आधारित उद्योगका लागि तालिम दिई स्वरोजगार सिर्जना गर्दै घरघरमा रोजगारी सिर्जना गर्नेछौं ।
- महिलामा कुशल नेतृत्व विकासका लागि सीप अभिमुखीकरण तालिम उपलब्ध गराइनेछ ।
- एक वडा एक महिला उद्यम सञ्चालन गरी रोजगारीको समस्या न्यूनीकरण गर्नेछौं ।
- एकल महिलाका सन्ततिका लागि उद्यमशीलता वृद्धिका कार्यक्रम ल्याइनेछ ।

## ११. भरतपुर बन्नेछ देशकै खेलकुद केन्द्र

- योग, प्राणायाम, ध्यान, आत्मसुरक्षा कला, युवाहरूको सामाजिक उत्तरदायित्वको माध्यमबाट युवालाई दुर्व्यसन, हिंसा र कुलतबाट मुक्त गर्ने कार्यक्रम सञ्चालन गर्नेछौं ।
- प्राकृतिक उपचार विधि, आत्मउपचार, खानपान, व्यायाम, आराम, मनोरञ्जन, रहनसहनबारे युवालाई सुसूचित गराइनेछ ।

- युवाहरूको सर्वाङ्गीण विकासको लागि प्रत्येक गाउँनगर र वडाहरूमा खेलकुद मैदानको व्यवस्था गरी खेलकुदको विकास गर्नेछौँ ।
- खेलकुद र मनोरञ्जनको माध्यमबाट स्वास्थ्य सुधारका कार्यक्रमहरू सञ्चालन गर्नेछौँ ।
- प्रत्येक वर्ष महानगर स्तरीय महिला खेलकुद महोत्सव आयोजना गर्नेछौँ ।
- चितवनमा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता आयोजना गर्न पहल गर्नेछौँ ।
- खेलकुद क्षेत्रका प्रतिभा खोजी गरी अझ विशिष्टीकरण गर्न विभिन्न अवसर, छात्रवृत्ति तथा प्रशिक्षण प्रदान गर्नेछौँ ।
- खेलकुद विकासको लागि खेल प्रशिक्षण केन्द्र स्थापना गर्नेछौँ ।

## १२. साहित्य, कला र सिर्जना

- साहित्य, कला र सिर्जनाको विकासका लागि महानगरभित्रका साहित्यकार र कलाकारहरूको गोष्ठी, भेला, सम्मेलन आयोजना गरी प्रतिभा प्रस्फुटन गराइनेछ । यसका लागि महानगर प्रज्ञा प्रतिष्ठान गठन गरिएको छ, यसलाई सक्रियताका साथ अगाडि बढाइनेछ ।
- स्थानीय स्तरदेखि जिल्ला स्तरसम्म युवाबिच गीत, संगीतको प्रतिस्पर्धा गराई उत्कृष्ट युवा कलाकार चयन गरी पुरस्कृत गर्नेछौँ ।
- कला र सिर्जनाका सर्जकहरूलाई नगरभित्र ल्याई स्थानीय चलचित्र लेखनमा प्रतिस्पर्धा गराउने व्यवस्था मिलाइनेछ ।
- स्थानीय मौलिक चलचित्र निर्माण गरी पर्यटन प्रवर्धन गर्न अन्य पालिकासँग समन्वय र सहकार्य गर्नेछौँ ।

## १३. आदिवासी–जनजातिलाई पहिचान र आत्मसम्मान

- महानगरवासी आदिवासी, जनजातिको खाना, भेषभूषा, परम्परागत सीप, गीत, नाच, चाडपर्वका साथै संस्कृतिको संरक्षण र प्रवर्धन गर्नेछौँ ।
- जातिगत सांस्कृतिक समूह निर्माण गरी संरक्षण गर्ने व्यवस्था गर्नेछौँ । जसले गर्दा आदिवासीहरू गौरवपूर्ण तवरले शीर ठाडो पारेर जीवन जिउनेछन् ।
- विभिन्न जातिको चार्ड पर्व, भेषभुषा, नाचगान, रीतिरिवाज संरक्षण गरी सांस्कृतिक पर्यटनको प्रवर्धन गर्नेछौँ ।

## १४. भूमिहीनका लागि छत र स्वाभिमान

- भरतपुर महानगरमा कोही पनि भूमिहीन हुनेछैन । सबै भूमिहीनलाई लालपूर्जा वितरणको काम सम्पन्न गर्नेछौँ ।
- महानगरका कुनै पनि नागरिक भूमिहीन हुने छैनन् भन्ने अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।
- प्रत्येक वडाका आवास विहीनहरूका लागि बहुतले भवन बनाई एकीकृत बस्ती विकास गर्नेछौँ ।

## १५. क्षमता र व्यावसायिकता अभिवृद्धिका लागि आमसचार प्रतिष्ठान

- सूचना तथा सञ्चारलाई महानगरको अभिन्न अंङ्गको रुपमा ग्रहण गर्दै पत्रकारको क्षमता अभिवृद्धि र वृत्ति विकासका लागि केन्द्रीय आमसञ्चार प्रतिष्ठान भरतपुरमा स्थापना गर्नका लागि आवश्यक पहलकदमी गर्नेछौँ ।
- पत्रकारितालाई समयअनुकूल विकास गर्न तालिम र खोज पत्रकारिताको विकास गर्न विशेष योजना सञ्चालन गर्नेछौँ ।
- ज्येष्ठ पत्रकार निवृत्तिभरण कोषको रकम वृद्धि गर्दै लगिनेछ ।
- लोककल्याणकारी विज्ञापन नीतिलाई निरन्तर अगाडि बढाइनेछ ।

## १६. सिंचाइको प्रत्याभूति, विद्युतीय चुल्होमा अनुदान

- शतप्रतिशत नगरवासीहरूको लागि शुद्ध खानेपानीको व्यवस्था गर्नेछौँ ।
- जनता र महानगरको लगानीमा कालीखोलामा ६० मिटर अग्लो ड्याम बनाई जलविद्युत आयोजना निर्माणको सम्भावना अध्ययन गरिनेछ ।
- खेतीयोग्य जमिनमा सिंचाइँको प्रबन्ध मिलाइनेछ ।
- एलपी ग्याँसको आयात प्रतिस्थापन गर्न र जनतामा विद्युतको उपभोग बढाउन प्रत्येक घरधुरीलाई विद्युतीय चुलोमा ८० प्रतिशत अनुदान दिइनेछ ।

## १७. फोहोरको स्मार्ट व्यवस्थापन

- करिब २२५ करोड लागतमा कोरियन सरकारको आर्थिक अनुदानमा वैज्ञानिक फोहोर व्यवस्थापन सम्झौता अन्तिम चरणमा छ । फोहोरको स्मार्ट व्यवस्थापन कार्यको गुरूयोजना बनाई पञ्चवर्षीय कार्यक्रम अगाडि बढाइनेछ ।

- फोहोरको वर्गीकरण गरी (कुहिने, प्लास्टिकजन्य, धातुजन्य, काँचजन्य) लाई स्मार्ट डस्टविन प्रयोग गरी व्यवस्थापन गर्दै पुःन प्रशोधनमार्फत फोहोरलाई मोहोर बनाइनेछ ।
- प्रदुषण नियन्त्रण, हरियाली प्रर्वद्धन र फोहोर मैला व्यवस्थापनको लागि स्वच्छ वातावरण अभियान एकीकृत रुपमा सञ्चालन गर्नेछौँ ।
- नदीलाई स्वच्छ बनाई पर्यटकीय गन्तव्य बनाइनेछ ।
- फोहोर व्यवस्थापनका लागि नगरवासीलाई प्रोत्साहनको व्यवस्था गर्नेछौँ ।
- अस्पतालबाट सिर्जित फोहोरको व्यवस्थापनमा पिपिपी मोडेल (PPP Model) मा काम अघि बढाइनेछ ।
- मेरो फोहोर मेरो जिम्मेवारी भन्ने महानगरको अभियानलाई हरेक घरघरमा पुऱ्याएर फोहोरलाई आम्दानी र स्वास्थ्यसँग जोडिनेछ ।
- महानगरभित्र "Polluter Pay Principle" लागू गरिनेछ ।

## १८. दलित राहत कार्यक्रम

- ६० वर्ष काटेका दलितलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ ।
- दलितका बालबालिकालाई पूर्ण निःशुल्क र सुविधासहित उच्च शिक्षाको अवसर प्रदान गर्नेछौँ ।
- विभेदको अन्त्य गरी दलित युवालाई रोजगारीको सुनिश्चितता दिलाइनेछ ।

## १९. ज्येष्ठ नागरिक सम्मान

- ज्येष्ठ नागरिकको ज्ञान अभिलेखीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- ज्येष्ठ नागरिक र परिवार विहीनहरूका लागि संरक्षण गृह निर्माण गर्नेछौँ ।
- ज्येष्ठ नागरिकलाई वर्षमा एकपटक देशभित्र धार्मिक तथा मनोरञ्जनात्मक भ्रमण गराइनेछ ।

## २०. बालबालिकालक्षित कार्यक्रम

- प्रत्येक वडामा नमुना शिशु स्याहार केन्द्र स्थापना गर्न आर्थिक, भौतिक, प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- बालबालिकाहरूको लागि बालउद्यान र ई-लाईब्रेरी व्यवस्था गर्नेछौँ ।

- प्रत्येक वडामा बाल क्रिडास्थल स्थापना गरी बालबालिकाको शारीरिक तथा मानसिक विकासमा मद्दत गर्नेछौं ।
- मानवसेवा आश्रमको सहकार्यमा सहयोगापेक्षी मानव मुक्त अभियानलाई अझै प्रभावकारी रूपमा अघि बढाइनेछ ।

## २५. मजदुर लक्षित कार्यक्रम

- मजदुरहरूलाई सीपमूलक तालिम दिई दक्षता र सीप अभिवृद्धि गरी रोजगारको अवसर दिलाइनेछ
- मजदुरहरूलाई कार्यघण्टा र उचित पारिश्रमिकको व्यवस्था गर्नेछौं ।
- मजदुरहरुको लागि रोजगार केन्द्र स्थापना गरी रोजगार उपलब्ध गराइनेछ ।

## २६. भगिनी सम्बन्ध

- अन्तर्राष्ट्रिय मेगासिटिसँग सम्बन्ध राख्दै भगिनी सम्बन्ध कायम गरी विकास निर्माणका कार्यमा नवीनता ल्याइनेछ ।
- अन्य पालिकाहरूमा गरिएका विकासका सबल पक्षहरुलाई अङ्गीकार गर्दै आफ्नो पालिकालाई विकासको गोरेटोमा तीब्र रुपमा अघि बढाइनेछ ।

**आदरणीय महानगरवासीहरू,**

हाम्रो लक्ष्य पारदर्शी प्रशासन र जनउत्तरदायी सुशासन हुनेछ । भूमिहीनसँग हाम्रो संकल्प छ, हरेकको आफ्नै घर हुनेछ र शहर सबैको साझा हुनेछ । कृषकसँग हाम्रो प्रतिवद्धता छ, किसान पेन्सनको ग्यारेन्टी गर्नेछौं र बिउदेखि ढुवानीसम्म अनुदान सुनिश्चित हुनेछ । उद्यमीसँग हाम्रो वाचा छ, 'मेड इन भरतपुर' को ब्रान्डिङ र बजारीकरण हुनेछ ।  एक टोल एक उद्यम : एक वडा एक कृषि उत्पादन हाम्रो लक्ष्य हुनेछ । महानगरका महिलासँग हाम्रो प्रतिवद्धता छ, सुरक्षा र सम्मानको प्रत्याभूति त दिनेछौं नै, उद्यमशीलताको पनि ग्यारेन्टी गर्नेछौं । प्रौढहरुसँग हाम्रो संकल्प छ, घरमै स्वास्थ्यसेवा दिनेछौं, विशेष भत्ता र विशेष संरक्षण सुनिश्चित गर्नेछौं । व्यवसायीसँग हाम्रो अठोट छ, नेपालमै सबैभन्दा व्यवसायमैत्री शहर बनाउने छौं । विद्यार्थीसँग हाम्रो वाचा छ,  निःशुल्क इन्टरनेट र गुणस्तरीय शिक्षाको ग्यारेन्टी गर्नेछौं । युवाहरुसँग हाम्रो प्रतिवद्धता छ, रोजगारी र गुणस्तरीय जीवनको प्रत्याभूति गर्नेछौं ।

चितवन लोकतन्त्रको लामो र कष्टपूर्ण लडाइँमा सधैं सबैभन्दा अग्रपंक्तिमा उभिएको जिल्ला हो । अर्को शब्दमा भन्नुपर्दा चितवन केवल जिल्लाको नाम होइन, बरु लोकतन्त्रको लडाईमा सबैभन्दा निडर आन्दोलनको नाम हो । अघिल्लो वर्ष केपी ओलीको नेतृत्वमा संविधान नै समाप्त पार्ने जुन षड्यन्त्र भयो, त्यसलाई चितवनले अग्रपंक्तिमा रहेर प्रतिवाद र भण्डाफोर गऱ्यो । यस्तो जिल्लाले यो निर्वाचनमा पनि जनमत कुल्चिनेलाई खबरदारी गर्दै लोकतन्त्रका रक्षकलाई जिम्मेवारी दिनेछ भन्नेमा हामी विश्वस्त छौं । भरतपुर अहिले देशमा सबैभन्दा तीव्र गतिमा विकास भएको शहर हो । केन्द्र र प्रदेशसँग समन्वय गर्दै यसलाई एसियाकै नमुना शहर बनाउन सबै नगरवासीले गठबन्धनका उम्मेदवारहरुलाई मतदान गर्नुहुनेछ भन्ने हाम्रो विश्वास छ ।

**धन्यवाद !**

| | | |
|---|---|---|
| **महिलासँग हाम्रो वाचा** | : | सुरक्षा र सम्मानको प्रत्याभूति, उद्यमशीलताको ग्यारेन्टी |
| **भूमिहीनसँग हाम्रो संकल्प** | : | हरेकको आफ्नै घर हुनेछ, सबैको साझा शहर हुनेछ |
| **कृषकसँग हाम्रो प्रतिवद्धता** | : | किसान पेन्सन, बिउदेखि ढुवानीसम्म अनुदान |
| **उद्यमीसँग हाम्रो वाचा** | : | ‘मेड इन भरतपुर’ को ब्रान्डिङ र बजारीकरण,<br>एक वडा, एक उत्पादन, एक उद्यम |
| **ज्येष्ठ नागरिकसँग हाम्रो संकल्प** | : | घरमै स्वास्थ्यसेवा, विशेष भत्ता र विशेष संरक्षण |
| **व्यवसायीसँग हाम्रो अठोट** | : | देशमै सबैभन्दा राम्रो व्यावसायिक वातावरण |
| **विद्यार्थीसँग हाम्रो वाचा** | : | निःशुल्क इन्टरनेट, गुणस्तरीय शिक्षाको ग्यारेन्टी |
| **युवाहरूसँग हाम्रो प्रतिवद्धता** | : | रोजगारी र स्वउद्यमको प्रत्याभूति, प्रविधिमैत्री महानगरको अनुभूति |

**जनादेश कुल्चिनेलाई खबरदारी, लोकतन्त्रका रक्षकलाई जिम्मेवारी**

# भरतपुरको विकासका लागि गठबन्धनको छैन विकल्प !
# एसियाकै नमुना महानगर हाम्रो साझा संकल्प !!